स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गैराघरे काइँली" फिल्म "मितज्यू" को गीत हो । जनक घर्तीमगरको निर्माण रहेको फिल्म गीतमा डान्सर तेरिया मगर देखिएकी छन् । दर्शकले उनको डान्स रुचाएका छन् । युट्युबमा उनको डान्सलाई लिएर धेरैले सकारात्मक प्रतिक्रिया दिएका छन् । कतिपयले त तेरिया बैनीको नृत्य हेरेर कहिल्यै पुग्दैन भन्दै प्रतिक्रिया दिएका छन् ।

आजको विचार...



कुलराज सुवेदी

कहाँ चुक... *(दुई पेजमा)*



प्रदीप खड्का एक नेपाली अभिनेता, मोडल र नेपाली चलचित्रका निर्माता हुन् । जो चलचित्र "प्रेम गीत" पछि सफल स्थापित भएका थिए । उनले सन् २०११ मा अभिनेता र निर्माताको रुपमा चलचित्र "इस्केप"बाट चलचित्र क्षेत्रमा पाइला राखेका थिए । ललितपुरको कुसुन्तीमा सन् १९९२ मार्च १० मा जन्मिएका प्रदीप खड्काको बाल्यकाल जन्मस्थान कुसुन्तीमै बितेको थियो । प्रवेशिका सम्मको अध्ययनपछि प्रसिद्धि एकाडेमीमा भर्ना भएका उनले त्यहाँबाट ब्यवस्थापनमा प्लस टु पूरा गरका थिए ।

❒ वर्ष ३१ ❒ अंक २४१ ❒ २०८२ चैत १६ गते सोमबार 30 March 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपाका ६ सय १२ बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन' गराइयो

## रोग प्रतिरोधात्मक क्षमता बढाउन र मस्तिष्कको पूर्ण विकास गराउन महत्वपूर्ण हुने

**कृष्ण पोखरेल**

**पाल्पा** चैत १५/जिल्लाका ६ सय १२ जना बालबालिकालाई पहिलो पटक आर्युर्वेदिक 'स्वर्णविन्दु प्राशन' गराइएको छ । बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यलाई सबल बनाउने अभियानका साथ लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको सहयोगमा पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रले एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई स्वर्णबिन्दु प्राशन गराएको हो ।

स्वर्ण प्राशन संस्कार जडिबुटी जस्तै मह, अश्वगंधा, शंखपुष्पी, वाचा आदिलाई सुनसँग मिसाएर तयार पारिएको रसायन हो । जुन पुष्य नक्षत्रको शुभ साइतमा लिने गरिन्छ । स्वर्ण प्राशन संस्कार बच्चाहरूको शारीरिक र मानसिक गतिमा सुधार ल्याउने संस्कार हो । लुम्विनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले बालबालिकालाई



स्वर्णविन्दु प्राशन थोपा खुवाई पाल्पामा यो अभियानको शुरुवात गरेका हुन् । आयुर्वेदमा स्वर्णबिन्दु प्राशनलाई बालबालिकाका लागि एक शक्तिशाली औषधी मानिन्छ, यसको नियमित सेवनले बालबालिकामा रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउने, मस्तिष्कको विकास बढाउने, स्मरण शक्ति बढाउने र बालबालिकाको शारीरिक र मानसिक विकासका लागि एक सुरक्षा कवच भएकोले यो कार्यक्रम शुरु गरिएको मन्त्री सारुले बताए । अहिले पहिलो चरणमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा सदरमुकाम केन्द्रित कार्यक्रम भएपनि आगामी बर्षदेखी जिल्लाका गाउँ-गाउँका आर्युर्वेदिक केन्द्रहरुमा स्वर्णविन्दु प्राशसन थोपा सेवा प्रदान गरिने उनको भनाई छ । आयुर्वेद शास्त्रमा बालबालिकाको सर्वाङ्गींण विकासका लागि वर्णन गरिएका १६ संस्कार मध्ये 'प्राशन' एक महत्वपूर्ण विधि हो । स्वर्णबिन्दु प्राशन शुद्ध सुनको भष्मलाई मह, घिउ र विभिन्न मेध्य औषधिहरू जस्तै: वच, ब्राहमी, शंखपुष्पी को सम्मिश्रणबाट तयार पारिने केन्द्रकी आर्युर्वेद चिकित्क डा. हौसिला धितालले बताईन् । स्वर्णविन्दु प्राशनको पूर्ण फाईदा लिन ३० थोपा सम्म बालबालिकालाई खुवाउने हुन्छ । यो दुई बर्ष सम्मका बालबालिकालाई एक पटकमा दुई थोपा, दुई बर्षदेखी पाँच बर्ष सम्मको बालबालिकालाई ४ थोपा खुवाउने नियम रहेको छ । स्वर्णविन्दु प्राशनको सेवनले पाचन प्रणालीलाई सुदृढ बनाउनुका साथै बालबालिकामा हुने मौसमी सङ्क्रमण र भाइरल ज्वरो जस्ता समस्याबाट जोगाउन मद्दत गर्ने आर्युवेद चिकित्सकहरुले बताउने गरेका छन । स्वर्णविन्दु प्राशन चैत्र १४ गते देखी असार मसान्त सम्म नियमित रुपमा बालबलिकालाई खुवाईने केन्द्रका कार्यालय प्रमुख माधव प्रसाद बस्यालले बताए । "हामिले पहिलो पटक ५ सय बलबलिकाहरुलाई स्वर्णविन्दु प्राशसन थोपा खुवाउने लक्ष्य राखेका थियौ, अभिभावकहरु उत्साहित भएर ६ सय १२ जनालाई औषधी सेवन गराउन सफल भएका छौं"आर्युवेद स्वास्थ्य केन्द्रकी व्यबस्थापन समितिकी अध्यक्ष लक्ष्मी ढंगाना अर्यालले भनिन् । अब बैशाख १३ गते पुन: बालबालिकालाई स्वर्णविन्दु प्राशसन औषधी सेवन गराउने कार्यक्रम रहेको कार्यालयले जनाएको छ ।

## संक्षिप्त समाचार

### जिपको ठक्करबाट पैदलयात्रीको मृत्यु

**गुल्मी**, चैत १५/चन्द्रकोट गाउँपालिकामा जिपको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा चन्द्रकोट गाउँपालिका-४ निवासी ५५ वर्षीय तुलसी थापा रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए ।

चन्द्रकोटबाट शान्तिपुरतर्फ गइरहेको लु१ज १८३४ नम्बरको सफारी जिपले थापालाई बाटो काट्दै गरेको अवस्थामा रिपाहा भन्ने ठाउँमा शनिबार साँझ ठक्कर दिएको थियो । जिपको ठक्करबाट घाइते भएकी थापालाई स्थानीय स्वास्थ्य संस्थामा समान्य उपचारपछि लुम्बिनी मेडिकल कलेज प्रवास, पाल्पामा पठाइएको थियो ।

थापाको उपचारका क्रममा गए राति नै मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले जिपका चालक जीवन फौदारसहित सवारीसाधनलाई नियन्त्रणमा लिएको छ ।


## डढेलोबाट जोगिऔं र जोगाऔं।

-सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
-डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, डढेलोबाट जोगिन
-जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
-सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
-चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
-डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
-डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,
वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# हराए मौलिक भाका, फेरियो चैतेदसैं

**गलकोट** (बागलुङ), चैत १५/
***'चैतेदसैं मेलैमा***
***झर्छ आँशु छुट्ने बेलैमा'***
चैतेदसैंको विषयलाई समेटेर गायक विमलराज क्षेत्री, टीका क्षेत्री र शर्मिला गुरुङले २२ वर्षअघि गाएको गीतको अंश हो यो । बागलुङको चैतेदसैं मेलाका रुपमा मात्रै नभई प्रेम र प्रेमिकाको भेट्ने छुट्ने मौकाका रूपमा रहेको गीतले पुष्टि गर्दछ । चैतेदसैं मेलामा भेटिएका पुन अर्को मेलामा भेट्ने बाचाका साथ छुटेको भावलाई गायक क्षेत्रीले धेरै पहिले गीतमा उतारेका थिए । ***'चैतेदसैं बागलुङे मैलैमा लाइदेउँ माया भेट भाको बेलामा'*** यस्तै गायक टीका क्षेत्रीले देढ दशक पहिला गाएको गीतको अंशले समेत चैतेदसैंमा भेट्ने र माया पिरती लगाउने कुरालाई पुष्टि हुन्छ । यो गीतमा भनेजस्तै स्थानीय उत्पादनको खरिद बिक्रीसँगै माया पिरतीका लागि समेत चैतेदसैं मेला प्रख्यात हो । चैतेदसैंको अवसरमा यस वर्ष बागलुङ कालिका मन्दिर परिसरमा मंगलबारदेखि चैतेदसैं मेला लागिरहेको छ । मेला फेरिएजस्तै




चैतेदसैंसँग सम्बन्धित रहेका मौलिक भाकासमेत फेरिएका छन् । चैतेदसैंमा गाइने लोकदोहरीमार्फत सयौँ कलाकारसमेत बागलुङले जन्माइसकेको छ । ऐतिहासिक पुरानो मेलाका रूपमा रहेको चैतेदसैं मेला पछिल्लो समय फेरिएको पाइन्छ । चैतेदसैंको अवसरमा गाइने मौलिक भाकासमेत हराएका छन् भने रमाइलो मेलामा आकर्षण बढेको छ । मेलामा मौलिक झाँकीहरू देखाए पनि यसपटकबाट भने लोकदोहोरी प्रतियोगिता नै नभएको हो । चैतेदसैंमा कालिका मन्दिर दर्शन गर्न आउने र वर्षभरिलाई आवश्यक सामग्री खरिदबिक्री गर्ने कार्यसमेत परिवर्तन भएको छ । चैतेदसैंको अवसरमा गाइने 'एउटो पैसो कहिलेलाई चैतेदसैंलाई' भन्ने गीत लोप भइसकेको छ । यस्तै 'रेरे साइलो', 'यानीमया', 'ठाडो भाका' र सालैजो' जस्ता मौलिक भाका सुन्नै छाडिएका छन् । अहिले आधुनिक गीतले मेलालाई गिजोलेको स्थानीय जानकार काजी गाउँले श्रेष्ठले जानकारी दिए । *(... बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# ओली–लेखक पक्राउ र तरङ्गित राजनीति

जेनजी आन्दोलनमा दमन गरेको भन्दै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि मुलुकको राजनीतिक परिस्थिति तरंगित बनेको छ । पूर्वप्रधानमन्त्री र ठूलो राजनीतिक दलको अध्यक्ष र पूर्व गृहमन्त्री पक्राउ पर्नुले पनि नेपाली राजनीति तरंगित बनेको हो । राजनीतिक विश्लेषकहरूका अनुसार यो घटनाले सत्ता पक्ष र प्रतिपक्षबीचको दूरीलाई चरम सीमामा पुऱ्याउनेछ । उनीहरु पक्राउ परेसँगै एमालेका भ्रातृ संगठनहरू र समर्थकहरू राजधानीलगायत देशभरका प्रमुख शहरहरूमा सडक प्रदर्शनमा उत्रिएका छन् । प्रदर्शनमा पुगेका एमाले कार्यकर्ता र प्रहरीबीच झडप समेत भएको छ । प्रदर्शनकारीहरूले सरकार विरोधी नाराबाजी गर्दै तत्काल उनीहरुको रिहाइको माग गरेका छन् । उनीहरुलाई पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको प्रतिवेदनले गरेको सिफारिसका आधारमा गिरफ्तार गरी कारबाही अगाडि बढाइएको छ । कानुनको उल्लंघन गरे जो सुकै व्यक्तिलाई पनि कानुनी कठघारमा ल्याइनुपर्छ । यसमा कुनै दुई मत नै छैन । तर कानुनको कार्यान्वयन गर्ने क्रममा लोकतान्त्रिक मुलुकका आफ्नै विधि र प्रक्रिया हुन्छन् । तिनलाई बेवास्ता गरी अगाडि बढ्नु चाहि राम्रो हैन । वर्तमान सरकार ओली र लेखकलाई पक्राउ गर्ने क्रममा हतार गरेको जस्तो देखिन्छ । कुनै पनि कानुनी प्रक्रिया नपुऱ्याई हतारमा गिरफ्तार गर्नु लोकतान्त्रिक मुलुकमा स्वभानिय हुन सक्दैन ।

कार्की आयोगको प्रतिवेदन आफैँमा एकपक्षीय र गहिराइमा नपुगेको ठानिएको छ । त्यसैका आधारमा कारबाही अगाडि बढाउँदा निष्कर्ष पनि कमजोर नै हुनेछ । गत भदौ २३ को जेनजी अभियानका क्रममा पहिलो दिन संसद् भवन बानेश्वर घेराउ र आक्रमणका क्रममा १९ जनाको मृत्यु भएको थियो । त्यसैको आडमा भदौ २४ गते सुरक्षा निकायमाथि आक्रमणका साथै आगजनी, तोडफोड र ध्वंस गरिएको थियो । कार्की आयोगले प्रतिवेदन दिँदा २३ गतेलाई मात्र ध्यान दिएको र भोलिपल्टका विषयमा छुँदै नछोएका कारण यो आफैँमा अपुरो रहेको टिप्पणी भइरहेको छ । आयोगको प्रतिवेदन अधुरो रहेको र यसमा थप अध्ययन/अनुसन्धान गरेर मात्र कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेमा तत्कालीन राजनीतिक नेतृत्वप्रति पूर्वाग्रह राखिनुले सकारात्मक सन्देश जाँदैन । तसर्थ वर्तमान बालेन सरकारले यसतर्फ गम्भीर भएर सोच्न जरुरी छ ।

## Opinion @ Social Network

उमेर सानै भएता पनि, परिस्थितिले धेरै कुरा बुझाएको छ ।
*(छिरिङ लामा न्यापकको फेसबुक स्टाटसबाट www.facebook.com/chhiring.lama gyapak)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कहाँ चुके पुराना दल ?



**कुलराज सुवेदी**

*काग्रेस तथा एमाले जस्ता दलहरूले पटक–पटक बहुमत तथा संयुक्त सरकार बनाउँदा देशभित्र रोजगारीको अवसर सिर्जना गर्न पहल नगरेको भन्ने जनताको गुनासो रहेको थियो। विस्तारै यो गुनासो आक्रोशको रूपमा बदलिएको कुरा मूलधारका भनिने दलहरूले भेउ पाउन सकेका थिएनन्। युवाहरूसँग नियमित अन्तरक्रिया गरिरहने काग्रेस नेता गगन थापाले यसको भेउ पाई पार्टीभित्र विद्रोह गरेर नेतृत्वमा आउँदा धेरै ढिलो भइसकेको थियो। जनताले मत परिवर्तनको मन बनाइसकेपछि मात्र काग्रेसमा नेतृत्व परिवर्तन भएको देखियो, जसले खासै नतिजा दिन सकेन।*

२१ फागुनमा सम्पन्न निर्वाचनको नतिजालाई विभिन्न कोणबाट विश्लेषण हुने क्रम जारी छ। त्यसमध्ये दुईटा प्रतिनिधि प्रतिक्रियालाई यहाँ उल्लेख गर्न चाहन्छु। निर्वाचनको नतिजा पूर्ण रूपमा आइनसक्दै नेकपा एमालेका नेता शेरबहादुर तामाङले मतपत्र र मतसंकेतको केमिकल जाँच गर्नुपर्ने माग गरे भने माओवादीबाट नेकपामा रूपान्तरित पार्टीका सुप्रिमो प्रचण्डले रास्वपाको चुनाव चिह्न घण्टीमा मतदान गर्ने केन्द्रीय सदस्यको विवरण पठाउन तल्ला कमिटीहरूलाई निर्देशन दिए।

तामाङको विचार 'थ्यौरी अफ कन्स्पिरेसी'मा आधारित छ, जसले एमालेलाई हराउन राज्यसंयन्त्रको समेत प्रयोग गरी बृहत् स्तरको षड्यन्त्र भएको विश्वास गर्दछ। प्रचण्डको भनाइले कार्यकर्ता सधैं पार्टीका दास हुन् भन्ने मान्यता राख्दछ जसले आफूलाई मनपरेको दल वा प्रतिनिधिलाई मतदान गर्ने मतदाताको स्वतन्त्र अधिकारलाई अस्वीकार गर्दछ। यी दुई प्रतिनिधि उदाहरणले निवर्तमान संसद्मा प्रभावशाली रहेका ठूला दलहरूले लज्जाजनक पराजय भोगेपछि पनि यसको मूलकारण पहिल्याउन नखोजी सतही कारणहरूमा कसरी अल्झिदैछन् भन्ने स्पष्ट हुन्छ। निर्वाचनबाट ३ वर्ष मात्र अगाडि गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुईतिहाइ बहुमत हासिल गरेको छ। यो बहुमतको पछाडि गत भदौमा घटित जेनजी विद्रोह, त्यसलाई रास्वपाले लिएको अपनत्व र निर्वाचनको मुखमा युवामाझ लोकप्रिय काठमाडौंका मेयर बालेन शाहको रास्वपामा आगमन जस्ता कारणहरू तात्कालिक रूपमा देखिए पनि यसको आधार भने तीन जना राजनीतिक मुख्तियारहरूको आलोपालो प्रधानमन्त्रीय प्रणालीले सिर्जना गरेको विकृति नै हो।

२०६२/६३ को परिवर्तन र विशेषगरी २०७२ सालमा नयाँ संविधान जारी भएपछि देश समृद्धिको मार्गमा अगाडि बढ्छ भन्ने अपेक्षा जनतामा थियो। पछिल्ला केही दशकमा भारत र चीन जस्ता छिमेकी मुलुकहरूले गरेको आर्थिक प्रगति तथा बंगलादेश जस्तो नेपालसँग समेत व्यापार घाटा भएको मुलुकले समेत उत्पादन र प्रतिव्यक्ति आयमा गरेको उल्लेखनीय वृद्धिलाई प्रविधिमैत्री तथा महत्वाकांक्षी युवापुस्ताले नजिकबाट नियालिरहेको थियो। यता, देशमा भने सत्ता प्राप्तिको लागि जेसुकै गर्न तयार हुने प्रवृत्ति र एजेन्डाविहीन गठबन्धन संस्कृति मौलाउँदै थियो। गठबन्धनको नाममा मतदातालाई आफूलाई मन नपरेको दल वा व्यक्तिलाई मतदान गर्न बाध्य तुल्याउने तथा निर्वाचनमा एउटा गठबन्धनबाट सहभागी हुने र परिणाम घोषणा नहुँदै अर्को गठबन्धन बनाई सत्तामा जाने प्रवृत्ति बढेको थियो। निर्वाचनमा जनतामाझ लिएर गएको घोषणापत्र, पार्टीको सिद्धान्त, वर्गीय आधारलाई लत्याउँदै जसरी पनि सत्तामा टिकिरहने प्रवृत्तिले पुराना दलहरूलाई जनताबाट टाढा बनाउँदै थियो। तर उनीहरूमा टोल तथा बस्तीस्तरसम्म फैलिएको संगठन संरचना तथा प्रतिबद्ध कार्यकर्तापङ्क्ति माथि चाहिनेभन्दा बढी भरोसा थियो।

स्टेभेन लेभिट्सकी र डेनियल जेब्लाटले आफ्नो विश्वचर्चित पुस्तक 'हाउ डेमोक्रेसी डाइज'मा आधुनिक लोकतन्त्रलाई सैनिक कूबाट होइन कि निर्वाचित नेताहरूबाटै खतरा छ भनेका छन्। जनताबाट निर्वाचित नेताहरूले नै नियम संस्था र मूल्यहरूलाई विस्तारै तोड्दै लोकतन्त्रलाई समाप्त पार्दछन् भन्ने उनीहरूको निष्कर्ष छ। नेपालको परिवेशमा पनि यस अवधिमा राजनीतिक नेतृत्वले शक्तिको अत्यधिक केन्द्रीकरण, न्यायपालिका र संवैधानिक निकायहरूमा भागबण्डामा नियुक्ति, संविधान र कानूनहरूलाई आफ्नो अनुकूल व्याख्या तथा उच्च राजनीतिक नेतृत्व तथा तिनीहरूको परिवारको अपारदर्शी र राजसी जीवनशैली जस्ता विचलनहरू देखिए। यस्ता विचलनहरूले उनीहरूलाई विस्तारै जनतासँग टाढा बनाउँदै लग्यो। आलोचना गर्नेहरूलाई नेतृत्वले आफ्नो आसपास आउनै नदिएपछि न नेतृत्वलाई आफ्नो कमजोरी थाहा हुने भो न जनताको परिवर्तित मनोभावनाबारे जानकारी नै हुने भो।वास्तवमा यस अवधिमा ठूला र मूलधारका भनिएका राजनीतिक दलहरूले आफ्नो शासकीय वैधता विस्तारै गुमाउँदै थिए। आवधिक निर्वाचन भनेको जनता र दलहरू बीचको एउटा करार हो जसमा जनताले ५ वर्षको लागि आफ्नो निर्णय र प्रतिनिधित्व गर्ने अधिकार जनप्रतिनिधिलाई दिएका हुन्छन्। यो करार दोहोरो विश्वासमा अडिएको हुन्छ। तर सत्तासीन दलहरूले निर्वाचनमा जनतासँग गरेका शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन, विकास आदिका बाचाहरू सत्तामा जाँदा बित्तिकै भुल्ने गरेका थिए।यसले गर्दा जनतालाई नेताहरूले हामीलाई निर्वाचनका नाममा झुक्याइराखेका छन् र हाम्रा वास्तविक प्रतिनिधि बन्न सकेका छैनन् भन्ने लागेको थियो। यसरी जनताले आफूले चुनेर पठाएका प्रतिनिधिले आफ्नो आवाज संसद्मा उठाउँदैनन् र स्वार्थ समूहको लागि काम गर्छन् भन्ने भान हुनु भनेको राजनीतिक भाषामा लेजिटीमेसी क्राइसिस हो। यस्तो अवस्थामा जनताले दलहरूसँग माथि उल्लिखित करारमा बस्न आफू बाध्य नभएको ठानी नयाँ विकल्प खोज्छन्, जुन विकल्प रास्वपाको रूपमा अहिले अगाडि आएको छ। फेरि कहिलेकाहीं प्रश्न उठ्न सक्छ के यस बीचमा पुराना दलहरूको वैधतामै प्रश्न उठ्ने गरी देशमा केही पनि नभएको हो त ? त्यसो पनि होइन। २०४६ सालको प्रजातन्त्र प्राप्तिपछि वा २०६२/६३ को गणतन्त्र प्राप्ति वा संविधान निर्माणपछि गरिबी निवारण, स्वास्थ्य, शिक्षा, पूर्वाधारको क्षेत्रमा महत्वपूर्ण उपलब्धि पनि हासिल भएको छ। सडक पूर्वाधार, विमानस्थल, ऊर्जा आदि क्षेत्रको प्रगति सन्तोषजनक नै छ। नेपाल अर्को वर्ष अतिकमविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति पनि हुँदैछ। यद्यपि, जनताले अहिले अनुभूत गरेको मुख्य समस्या भनेको सुशासनको अभाव, भ्रष्टाचार र बेरोजगारी हो जुन जेनजी आन्दोलनको मुख्य मागको रूपमा सडकमा समेत उठेको थियो।विश्व डिजिटल युगमा प्रवेश गरिसकेको छ। जनताले दिनभरि लाइनमा बसेर सरकारी सेवा लिन अब तयार छैनन्। उनीहरूलाई सार्वजनिक सेवाहरू विद्युतीय माध्यमबाट घरमै चाहिएको छ। आफ्नो फाइल कहाँ पुग्यो भनेर घरमै बसेर हेर्ने ट्रयाकिङ सिस्टममा पहुँच चाहिएको छ। तर हाम्रो सार्वजनिक सेवा प्रवाहमा सरकारलाई राजस्व बुझाउन पनि बिचौलियालाई समात्नुपर्ने अवस्था छ। राजनीतिक दलका कार्यकर्ताहरूले नै स्थानीय तहदेखि संघीय मन्त्रालयसम्म बिचौलियाको भूमिका निर्वाह गर्ने गर्दछन् भन्ने आरोप छ। कर्णाली तथा मधेश प्रदेशमा योजनाहरूको किनबेच भएको, उपभोक्ता समिति मार्फत पैसा उठाइएको जस्ता समाचारहरू पनि मिडियामा आए । सेवा प्रवाहमा भएको ढिलाइबाट प्रत्यक्ष-अप्रत्यक्ष रूपमा दलका कार्यकर्ताहरूले नै फाइदा लिने हुँदा डिजिटल सर्भिसको लागि सरकार र दलहरूले पहल गरेनन् भन्ने जनताको बुझाइ थियो। पछिल्लो पटक संसदीय प्रजातन्त्रमा विरलै देखिने संसद्को पहिलो र दोस्रो ठूलो दलको सरकार बन्यो। संविधान संशोधनको लागि दुईतिहाइको बलियो सरकार चाहिने भन्ने भाष्य सिर्जना गरी बनेको सरकारले संविधान संशोधनको लागि कुनै पहल गरेन। यसबाट पनि जनताले दलहरूले आफूलाई झुक्याएको ठाने। देशमा उत्पादन र रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार भारतबाहेक अन्य मुलुकमा वैदेशिक रोजगारीमा रहेका नेपालीको जनसंख्या २१ लाख ९० हजार रहेको छ, जसमा श्रम नगरी जाने, भिजिट भिसामा जाने तथा भारतमा रहेका समेत जोड्दा देशको झण्डै २० प्रतिशत जनसंख्या रोजगारीको लागि विदेशमा रहेको देखिन्छ । कांग्रेस तथा एमाले जस्ता दलहरूले पटक-पटक बहुमत तथा संयुक्त सरकार बनाउँदा देशभित्र रोजगारीको अवसर सिर्जना गर्न पहल नगरेको भन्ने जनताको गुनासो रहेको थियो। विस्तारै यो गुनासो आक्रोशको रूपमा बदलिएको कुरा मूलधारका भनिने दलहरूले भेउ पाउन सकेका थिएनन्। युवाहरूसँग नियमित अन्तरक्रिया गरिरहने कांग्रेस नेता गगन थापाले यसको भेउ पाई पार्टीभित्र विद्रोह गरेर नेतृत्वमा आउँदा धेरै ढिलो भइसकेको थियो। जनताले मत परिवर्तनको मन बनाइसकेपछि मात्र कांग्रेसमा नेतृत्व परिवर्तन भएको देखियो, जसले खासै नतिजा दिन सकेन। समग्रमा पुराना राजनीतिक दलहरूले बाचा धेरै गरेको, पटक-पटक अवसर पाएको तर डेलिभरी दिन नसकेकोले नै जनताले यसपटक नयाँ दललाई मत दिएका हुन्। सार्वभौम जनताले निर्वाचन मार्फत आफ्नो निर्णय सुनाइसक्दा पनि कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी जस्ता दलहरूले वास्तविक धरातलमा टेकेर आत्मसमीक्षा गर्न सकेको पाइँदैन। दलहरू जनताको एजेन्डाबाट विमुख हुँदै कसरी उनीहरूबाट टाढा भए र सरकारमा रहँदा आफ्ना आधारभूत दायित्वबाट कसरी पन्छिए भनी विश्लेषण नगरी घन्टीको हावाले मात्र चुनाव हारेको वा देशी-विदेशी षड्यन्त्रको कारणले चुनाव हारेको निष्कर्षमा पुग्नु सर्वथा गलत छ।समय गतिशील छ र बितेको समय फर्केर आउँदैन। जसरी कांग्रेस एमालेको असफलतापछि माओवादीको उदय भयो, त्यसैगरी रास्वपा आएको हो। ऊ पनि जनताका एजेण्डाबाट विमुख हुँदै गए सकिन बेर लाग्दैन। त्यसपछि फेरि पुरानै शक्ति वा अझ अरू नयाँ शक्ति नेपाली राजनीतिमा उदाउने सम्भावना रहन्छ। त्यसैले पुराना दलहरूले परिवर्तित सन्दर्भमा आफ्नो सान्दर्भिकता कायम राख्न नीति र नेतृत्व परिवर्तन गरी जनतासँग टुटेको कडी पहिल्याउनु बेस हुनेछ।

*(अनलाईन खबर डटकम)*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७२९९९६४
न्यु एकता क्लब तानसेन : ०७५-५२२२०
परिवार नियोजन संघ पाल्पा : ९८४७०७०२७६५
रामपुर टेडन्टी:९८४७०६२२४७,९८४७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिन ऊर्जावान रहनेछ। नयाँ काम सुरु गर्न समय राम्रो रहेको छ। | **तुला** : नोकरीमा सहयोग पाइनेछ। प्रेम सम्बन्ध प्रगाढ रहनेछ। |
| **वृष** :नयाँ अवसरहरू आउनेछन्। साथीभाइसँग रमाइलो समय व्यतित हुनेछ। | **वृश्चिक** : धर्मकर्ममा मन जानेछ। गोप्य कुराहरू गर्नदेखि बच्नुहोस्। |
| **मिथुन** : परिवारको सहयोगले मनोबल उच्च रहनेछ। संचित धनमा वृद्धि हुनेछ। | **धनु** : आजको दिन सकारात्मक र हनेछ।करियरमा उन्नतिका संकेत छन्। |
| **कर्कट** : समाजमा मान प्रतिष्ठा बढ्नेछ । आर्थिक रूपमा दिन लाभदायी रहनेछ। | **मकर** : व्यापारबाट फाइदा हुनेछ । मेहनतले दाम, नाम र इनाम दिलाउनेछ। |
| **सिंह** : काममा ढिला सुस्ती हुन सक्छ । कार्यक्षेत्रमा धैर्य वा संयमता अपनाउनुहोस्। | **कुम्भ** :लगनशीलताले जटिल काम हुने छ ।प्रतिस्पर्धीहरू सम्झौता गर्न सक्छन्। |
| **कन्या** :निर्णय लिनुभन्दा अघि सकारात्मक सोच्नुहोस् ।सहकर्मीहरूको सहयोग मिल्नेछ। | **मीन** : सिर्जनात्मक कार्यमा व्यस्तता बढ्नेछ । नयाँ विचारहरू आउनेछन् । |

शिक्षा

# दलमा आवद्ध शिक्षक, प्राध्यापक र विद्यार्थी संगठनप्रति सरकार कठोर



शैक्षिक क्षेत्रमा जारी दलगत राजनीतिक प्रभावलाई निस्तेज पार्न सरकार कठोर रुपमा प्रस्तुत भएको छ । जेन जी बिद्रोहको जगमा भएको निर्वाचनको म्याण्डेड अनुसार शुक्रबार गठित नयाँ सरकारले तयार पारेको शासकीय सुधारका सय कार्यसूचीमा दलीय आवद्धताबाट शैक्षिक क्षेत्र मुक्त गर्ने विषयलाई प्राथमिकतामा राखिएको हो । सरकार गठन भएसँगै शुक्रबार बसेको नयाँ सरकारको पहिलो मन्त्रीपरिषद् बैठकले पारित गरेर शनिबार अबेर सार्वजनिक कार्यसूचीमा शिक्षाका लागि ६ बुँदा उल्लेख छ । जसमा शैक्षिक क्षेत्रमा व्याप्त दलगत राजनीतिक हस्तक्षेप निस्तेज गर्ने विषयलाई प्राथमिकता दिईएको छ ।

कार्यसूचीको बुँदा नम्बर १२ मा सार्वजनिक प्रशासनलाई पूर्णत: राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष तटस्थ र नागरिक प्रति उत्तरदायी बनाउने विषय उल्लेख छ । जहाँ निजामती कर्मचारी सँगै शिक्षक, प्राध्यापकले कुनै पनि दलमा आवद्ध हुन नपाउने र दलीय टेर्ड यूनियन खारेज गरी अवाञ्छित र अनौपचारिक दबावको अन्त्य गर्ने विषय समेटिएको छ ।

यसैगरी कार्यसूचीको बुँदा नम्बर ८६ मा ६० दिन भित्र विद्यालय तथा विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउने उल्लेख छ । 'शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज समेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिन भित्र विद्यालय विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिन भित्र स्टुडेण्ट काउन्सिल वा भ्वाईस अफ स्टुडेण्ट संयन्त्रको विकास गर्ने' उक्त बुँदामा उल्लेख छ । दलसँगको प्रत्यक्ष वा अप्रत्यक्ष आवद्धताबाट मुक्त भई कार्यसम्पादन गर्न अनिवार्य गर्ने र उलंघन भएमा प्रचलित कानून बमोजिम कडाईका साथ विभागीय कारवाही गर्ने विषय पनि कार्यसूचीमा समेटिएको छ । राजनीतिक दलमा आवद्ध शिक्षक, कर्मचारी, प्राध्यापक र विद्यार्थी नेताका कारण शैक्षिक क्षेत्रमा नकारात्मक प्रभाव परेको भन्दै आलोचना भईरहेका बेला सरकारले उक्त योजना पारित गरेको हो ।

कार्यसूचीको बुँदा नम्बर १५ मा शिक्षकको सिटरोल दर्ता तथा अवकाश पश्चातको सेवा सुविधा व्यवस्थापन आगामी आर्थिक बर्ष देखी प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाटै गर्ने व्यवस्था मिलाउने विषय उल्लेख छ । बुँदा नम्बर ८७ मा विश्वविद्यालयहरुबाट लिईने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको क्यालेण्डर अनुसार निकाल्ने ८८ मा विद्यार्थीलाई स्नातक सम्मको अध्ययन गर्न नागरिकता नचाहिने गरी विश्वविद्यालयहरुले आवश्यक कार्यविधिगत व्यवस्था तत्कालै गर्ने उल्लेख छ । यस्तै बुँदा नम्बर ८९ मा कक्षा ५ सम्मका विद्यार्थीलाई आन्तरिक परीक्षा लिने कार्य आगामी शैक्षिक सत्रदेखि बन्द गर्ने विषय उल्लेख छ । उनीहरुलाई मनोवैज्ञानिक दवाव नपर्ने खालको मुल्यांकन प्रणालीबारे विकल्प तयार गर्ने कार्यसूचीमा भनिएको छ । जेन जी बिद्रोहले गरेको माग अनुसार सुशासनका पक्षमा सरकार प्रतिवद्ध रहेको उल्लेख गर्दै कार्यसूचीमा साझा प्रतिवद्धता, समन्वय र जनविश्वासका लागि नै कामको विस्तृत खाका उल्लेख गरिएको छ । यस्तै प्रशासनिक सुधार, पर्नसंरचना र मितव्ययिताका लागि गर्ने कामको विवरण पनि उल्लेख छ । जहाँ ३० दिन भित्र मन्त्रालय संख्या घटाएर १७ मा झार्ने विषय पनि उल्लेख छ । यसै अन्तरगत शिक्षा, विज्ञा तथा प्रविधि मन्त्रालयमा युवा तथा खेलकुद मन्त्रालयलाई गाभ्ने पनि सरकारको तयारी छ । यस्तै सार्वजनिक सेवा प्रवाह र गुनासो व्यवस्थापन, डिजिटल शासन र डेटा गभर्नेन्स तथा सञ्चार, सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका लागि गर्ने कामको विस्तृत विवरण पनि कार्यसूचीमा प्राथमिकताका साथ उल्लेख गरिएको छ । सार्वजनिक खरीद र परियोजना व्यवस्थापन सुधार, लगानी, उद्योग। निजी क्षेत्र प्रवर्धन तथा पर्यटन, उर्जा तथा जलश्रोत, राजश्व सुधार, स्वास्थ्य, शिक्षा र मानव विकास, कृषि, भूमि, पुर्वाधार र आधारभूत सेवाका क्षेत्रमा गर्ने प्राथमिक कार्यका सार्थ रणनीतिक तथा सामाजिक सुरक्षा सम्बन्धि निर्णयहरुको विवरण पनि कार्यसूचीमा उल्लेख छ । *एडुखबर*

> *कार्यसूचीको बुँदा नम्बर ८६ मा ६० दिन भित्र विद्यालय तथा विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउने उल्लेख छ । 'शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज समेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिन भित्र विद्यालय विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिन भित्र स्टुडेण्ट काउन्सिल वा भ्वाईस अफ स्टुडेण्ट संयन्त्रको विकास गर्ने' उक्त बुँदामा उल्लेख छ । दलसँगको प्रत्यक्ष वा अप्रत्यक्ष आवद्धताबाट मुक्त भई कार्यसम्पादन गर्न अनिवार्य गर्ने र उलंघन भएमा प्रचलित कानून बमोजिम कडाईका साथ विभागीय कारवाही गर्ने विषय पनि कार्यसूचीमा समेटिएको छ ।*

# विद्यार्थी खेती र पशुपालनमा व्यस्त



मकवानपुरको हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयका विद्यार्थीहरू अहिले कृषि उत्पादनमा केन्द्रित छन् । 'शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने' उद्देश्यका साथ हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयले सञ्चालन गरेको 'पढ्दै कमाउँदै' मार्फत विद्यार्थीहरू कृषि कर्ममा व्यस्त भएका हुन् ।

विद्यालयले सञ्चालन गरेको उक्त कार्यक्रम प्रभावकारी बन्दै गएको र उक्त कार्यक्रममार्फत विद्यार्थीहरू अध्ययनसँगै व्यावसायिक कृषि र पशुपालनमा लागेर आत्मनिर्भर बन्न थालेका हुन् । विद्यालय परिसरमा अहिले विद्यार्थीहरूको चहलपहल कक्षाकोठामा मात्र सीमित नभई गोठ तथा खेतबारीमा पुगेको छ । केही विद्यार्थीहरू गोठमा बाख्रालाई दानापानी दिँदैछन् भने कोही खेतमा बोडी, धनियाँ, करेला र भिन्डी जस्ता तरकारी गोडमेलमा व्यस्त देखिन्छन् । सर्लाहीबाट अध्ययनका लागि आएका कक्षा ११ का विद्यार्थी दीपेश कापरका अनुसार अध्ययन खर्च विद्यालयको उक्त कार्यक्रमबाट नै व्यवस्थापन भएको छ।'अहिले पढाइ खर्चका लागि घरबाट पैसा माग्नु पर्दैन। सीप सिक्दै आम्दानी गर्न पाउँदा भविष्यप्रति आशावादी बनेको छु,' उनले भने, 'विद्यालयको जग्गामा केही तरकारीहरू लगाएका छौँ। पढ्दै सिक्दै त्यहाँ काम गर्छौं। पढेको कुरा प्रयोगमा ल्याउन पाएका छौँ । खेतबारी प्रयोगशाला जस्तै बनेका छन् ।' कक्षा १० की छात्रा साहारा गिरी पनि विद्यार्थी जीवनमै आत्मनिर्भर बन्न पाएको बताउँछिन् । घरमा हुँदा खेतबारीको काम नजानेका हामीले कृषि पेसा र उत्पादनबारे व्यावहारिक शिक्षा पाएको उनले बताइन् । शिक्षा र सीपसँगै आफ्नो खर्च विद्यालयको कार्यक्रममार्फत नै भइरहेको उनको भनाइ छ ।कृषितर्फको प्राविधिक शिक्षा अध्यापन गर्दै आएको सो विद्यालयको प्राविधिक धारतर्फ ( कक्षा ९(१२) र सीटीईभीटीतर्फ अध्ययनरत करिब ३०० विद्यार्थी प्रत्यक्ष रूपमा यो अभियानमा सहभागी रहेको विद्यालयका सञ्चार विभाग प्रमुख सुनील गौतमले बताए । सो विद्यालयमा मधेश प्रदेशदेखि सुदूरपश्चिमको कालिकोटसम्मका ३१ जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन्, जसका लागि विद्यालयले छुट्टाछुट्टै छात्रावासको समेत व्यवस्था गरेको उनले बताए । उनका अनुसार कृषि कार्यका लागि आवश्यक बीउ, पुँजी र पूर्वाधार विद्यालयले नै उपलब्ध गराउँछ । उत्पादन बिक्री भएपछि लगानी विद्यालयलाई फिर्ता गरिन्छ भने बाँकी सबै मुनाफा विद्यार्थीहरूले नै आपसमा बाँडेर राख्ने गरेका छन् । विद्यालयले हालै १५ क्विन्टलभन्दा बढी आलु र एक हजारभन्दा बढी ब्रोइलर कुखुरा बिक्री गरिसकेको उनले बताए । उक्त कार्यक्रमबाट भएको आम्दानीले धेरै विद्यार्थीहरू आफ्नो विद्यालय शुल्क आफैँ तिर्न सक्षम भएका उनको भनाइ छ। विद्यालयको सो प्रयासलाई सरकारी निकायले पनि सहयोग गरेकाले कार्यान्वयनमा सहजता मिलेको विद्यालयका प्रधानाध्यापक भूपेन्द्र चौलागाईंले बताए। उनका अनुसार बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षमा 'च्याउको बीउ उत्पादन केन्द्र' निर्माणका लागि ४ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। यसअघि बाहिरबाट बीउ किन्नुपर्ने बाध्यता रहेकोमा अब विद्यालय आफैँले बीउ उत्पादन गर्ने तयारी थालेको उनले बताए। साथै आगामी दिनमा माछापालनका लागि पोखरी निर्माण गर्ने योजनासमेत रहेको प्रधानाध्यापक चौलागाईंले बताए। विद्यालयले उत्पादन गरेका वस्तुहरू हाल स्थानीय बजार र शिक्षक-विद्यार्थीबीच नै खपत हुने गरेको उनले बताए। तर, उत्पादनको मात्रा बढ्दै गएकाले बजार व्यवस्थापनमा चुनौती देखिएको भन्दै विद्यालयले सरकारी स्तरबाट वैकल्पिक बजार व्यवस्थापन र ब्रान्डिङका लागि आवश्यक नीति अवलम्बन गर्नुपर्ने उनको भनाइ छ। 'हामीले विद्यार्थीलाई किताबमा मात्र सीमित नराखी जीवनोपयोगी सीप सिकाउने प्रयास गरेका छौँ। जनप्रिय माविले नेपालको शिक्षा प्रणालीलाई व्यावहारिक र उत्पादनमुखी बनाउने प्रयास गरेको छ,' उनले भने। *-रातोपाटी डटकम*

# एसइईको तयारी पूरा

राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ गतेदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)को तयारी पूरा भएको जनाएको छ । बोर्डले देशभरका सबै परीक्षा केन्द्रबाट बिहान ८:०० बजेदेखि एकै समयमा एसइई परीक्षा सुरु हुने जनाएको हो ।

चैत १९ गतेदेखि सुरु भई २९ गते सम्पन्न हुने एसइई परीक्षामा यसवर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी हुने कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिए । उनका अनुसार तीमध्ये नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् । परीक्षा दिनेमा छात्राको संख्या बढी छ । यसवर्ष दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने उनले जानकारी दिए । उनका अनुसार जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिँदै छन् ।

**सबैभन्दा बढी विद्यार्थी बागमती, कम कर्णाली**

यसवर्ष कोशीबाट ८२ हजार ४८७, मधेसबाट ९० हजार २४३, बागमतीबाट एक लाख नौ हजार ५१३, गण्डकीबाट ४३ हजार ९७२, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिम प्रदेशबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।बोर्डले परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने जनाएको छ । परीक्षाको सम्पूर्ण तयारी पूरा भएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए ।

**यस्तो छ परीक्षा तालिका**

चैत १९ गते बिहान ८:०० बजेदेखि देशभर एकैसाथ सुरु हुने परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ भने चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय, २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ र २९ गते प्राविधिक धारका बाँकी विषयहरूको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए ।

**परीक्षा अनुगमनमा रोक**

बोर्डले यसवर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न संघसंगठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए । अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिर मात्र अनुगमन गर्ने बोर्डले निर्णय गरेको उनले बताए । पत्रकारले परीक्षा केन्द्रको बाहिरि दृश्य मात्र छायाङ्कन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै उनले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यसदिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्नसक्ने व्यवस्था गरिएको उल्लेख गरे । परीक्षा हलभित्र दृश्य छायांकन गरी सामाजिक सञ्जालमा राखेर विद्यार्थीमा विचलन नल्याउन बोर्डले सबैमा आग्रह गरेको छ ।

**जिल्ला-जिल्लामा पुग्यो प्रश्नपत्र**

परीक्षा नियन्त्रण कार्यालयले सातै प्रदेशका लागि सबै जिल्लामा प्रश्नपत्र पुऱ्याएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ सम्पन्न गरिएको प्रश्नपत्र ढुवानी गरी सुरक्षा नियकाको सहयोगमा सबै जिल्लामा पुऱ्याइसकिएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिए । सातै प्रदेशमा फरक प्रश्नपत्र छपाइ गरिएको जनाउँदै उहाँले परीक्षामा सोधिने प्रश्न छ वटै अनिवार्य विषयका प्रदेशअनुसार फरकफरक प्रश्नपत्र छापिएको जानकारी दिए । उनका अनुसार यदि कतै प्रश्नपत्र बाहिरियो भने सम्बन्धित प्रदेशको निश्चित विषयको मात्र परीक्षा रद्द गरी पुन:प्रश्नपत्र छपाइ गर्न सकिने व्यवस्था गरिएको छ ।

# ओली र लेखकको गिरफ्तारी 'प्रतिशोधपूर्ण' : एमाले पाल्पा




**पाल्पा,** चैत १५/नेपाल कम्युनिष्ट पार्टी एमाले पाल्पाले पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउ प्रति घोर निन्दा र भर्त्सना गरेको छ ।

आइतबार निमित्त प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदी मार्फत एमालेले प्रधानमन्त्रीलाई विरोध पत्र बुझाउँदै वर्तमान सरकारले प्रतिशोधपूर्ण, पूर्वाग्रही र गैरकानुनी तरीकाबाट नेताहरुलाई पक्राउ गरेको ठहर गरेको छ । नवगठित मन्त्रिपरिषद्को पहिलो बैठकले भदौ २३ र २४ गतेका घटनासँग सम्बन्धित भनिएको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने नाममा नेताहरूलाई पक्राउ गरेकोमा एमालेले गम्भीर आपत्ति जनाएको छ । उक्त आयोगले प्रारम्भदेखि नै निष्पक्षता गुमाएको र प्रतिवेदन सत्य खोज्ने भन्दा पनि प्रतिशोधलाई वैधता दिने दस्तावेजका रूपमा आएको एमालेको ठहर छ । सरकार गठन भएको चौबीस घण्टा नबित्दै गरिएको यस्तो कार्यले विधिको शासनको घोर उल्लैन गरेको र कानुनी राज्यमाथि नै प्रहार गरेको एमाले पाल्पाले जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई बुझाएको विरोधपत्र उल्लेख गरेको छ । एमाले जिल्ला अध्यक्ष ओम बहादुर घर्ति मगरद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै ५ वटा बुँदाहरू तत्काल कार्यान्वयन हुनुपर्ने माग गरेको छ । भदौ २३ र २४ को घटना छानबिनका लागि गठित कार्की आयोगप्रति पार्टीको सुरुदेखि नै असहमति रहेको र सर्वोच्च अदालतले समेत यसमा प्रश्न उठाएकाले अब सर्वोच्चकै बहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठन गरिनुपर्ने माग एमाले पाल्पाले गरेको छ ।

## हराए मौलिक भाका...

...अहिले आयातित सामग्री खरिदबिक्री गर्ने र रेकर्ड गरिएका गीतमा नाचगान गर्ने गरिन्छ । मेलामा हालिने लिङ्गे पिङ र चर्खेपिङको सट्टामा अहिले रमाइलो झुला (आधुनिक पिङ) राखिएको छ । चैतेदसैं मेलाको मौलिकता फेरिएको ८२ वर्षदेखि मेलाको अवलोकन गर्दै आएका स्थानीय दुर्गा आचार्यले मेलाको मौलिकता फेरिएको बताए । स्थानीय घनश्याम सापकोटाका अनुसार मेलामा प्लाष्टिकका सामग्री खरिदबिक्री बढेकाले ठेका तथा डालोको बिक्री कम भएको हो । "रातभरि रेरे साइलो, सालैजो गीत गाएर जाग्राम बसिन्थ्यो, अहिले त कलकारहरूले साँझमा आउने टूयाकमा गाउने चलन छ, पहिलाजस्तो मौलिकता मेलाको छैन, गाउँगाउँमा मेला पर्व लाग्न थाले, चैतेदसैं मेलाप्रतिको चाख घटेको छ तर मन्दिर दर्शनार्थीहरूको संख्या बढेको छ ।" चैतेदसैं मेला र बागलुङ कालिका मन्दिरसँगै जोडिएर आउँछन् । यहाँको प्रसिद्ध ऐतिहासिक कालिका भगवती मन्दिर यस क्षेत्रकै चिनारीको रूपमा रहेको छ । चैतेदसैं मेला बागलुङको मौलिक परम्पराजस्तै बने पनि आधुनिकताको प्रभावले मौलिकता जोगाउन कठिन भए पनि हनुमान नाच र सालैजोजस्ता झाँकी देखाइएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले बताए । तीन सय वर्ष पुरानो हनुमान नाच देखाइएको तर रातमा जाग्राम बस्ने चलन हराइसकेको बताए । "ठेका, डालो र नाङ्लो जस्ताको कक्षलाई निःशुल्क गरेका छौं तर उनीहरूको भन्दा खानपानको कक्षहरू बढी चलेको देखिन्छ", खड्काले भने, "भजन, रत्यौली र यानीमायाजस्ता गीत गाउने प्रयास गरे पनि यसपटक लोकदोहोरी प्रतियोगिता गर्न नसकिएको हो ।"मन्दिर वरपर पाल टाँगेर स्थानीय उत्पादन, कोदो, मकै, धान, चामाल, भाँगो, डाला, नाङ्ला, ठेका, आँसी, बाउसा, मान्द्रो, थुन्से, मादल भाडाँकुँडालगायतका दैनिक उपभोग्य वस्तु खरिदबिक्री हुने गरेकामा अहिले खेलौना सामग्री र मदिरा र खानाका परिकार बढी बिक्री हुने गरेको पाइएको छ । मेलामा स्थानीय उत्पादनको कक्ष देख्न सकिए पनि न्यूनतम कारोबार भइरहेको बडिगाड गाउँपालिकाबाट चोयाका सामग्री बिक्री गर्न मेलामा आएका सन्तोष विश्वकर्मा बताए ।-*रासस*


जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने वढुवाको सूचना**

सूचना प्रकाशन मिति:२०८२/१२/१६

लोक सेवा आयोग बुटबल कार्यालयको वढुवा सूचना नं. ३०५/०८२-०८३ वमोजिम पाल्पा जिल्लामा रिक्त नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा,तथ्याङ्क समूह, सुपरिवेक्षक पद संख्या १(एक) जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्धारा हुने वढुवाको लागि दरखास्त आह्वान गरिएकोमा निजामती सेवा ऐन,२०४९ को दफा २४घ१क तथा निजामती सेवा नियमावली,२०५० को नियम ७७ख वमोजिम देहायका उमेदवारलाई वढुवा समितिको मिति २०८२/१२/१५ को निर्णय अनुसार वढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले ऐ.ऐ. ऐनको दफा २४च को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | संकेत नं. | नामथर | वढुवा हुने पद | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | २३१६२६ | विष्णु भट्टराई पाण्डेय | सुपरिवेक्षक | तथ्याङ्क समन्वय कार्यालय,पाल्पा |


**खेलकुद समाचार**

## अस्ट्रेलियामा ट्रेल रेसमा नेपालका मनकुमार दोस्रो



**काठमाडौं,** चैत १५/ अस्ट्रेलियामा भएको एक ट्रेल रेसमा नेपाली अल्ट्रा धावक मनकुमार मगरले दोस्रो स्थान हात पारेका छन् । अस्ट्रेलियामा सञ्चालन भएको बफेलो स्टेमपेड फेस्टिभल अन्तर्गत बफेलो स्टेमपेड १०० किमी दौडमा नेपालका मनकुमार मगर दोस्रो भएका हुन् ।उनी पुरुष तर्फ यू-२३ क्याटेगोरीमा १० घण्टा ३६ मिनेट ४५ सेकेण्ड समय सहित दोस्रो भए । मनकुमार पछिल्लो समय नेपाली अल्ट्रा क्षेत्रमा सम्भावना भएका धावक हुन् । उनले गत फागुनमा एसिया ट्रेल मास्टर (एटीएम) च्याम्पियनसिप फाइनल्स २०२६ अन्तर्गत भएको दी ९ ड्रागन रेसमा पहिलो स्थान हात पारेका थिए । जर्ज नाइट ९ घण्टा ४५ मिनेट ०१ सेकेण्ड समय सहित दोस्रो भए । यस्तै बेन लिसन तेस्रो धए । उनले १० घण्टा ३८ मिनेट ५७ सेकेण्डमा दूरी पूरा गरे बफेलो स्टेमपेड फेस्टिभल अन्तर्गत यस रेसलाई अस्ट्रेलियालाई ठूलो ट्रलरनिङ इभेन्टको रुपमा लिइन्छ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


**अर्थ/कर्पोरेट समाचार**

## नेप्से परिसूचकमा उच्च अंकले गिरावट



**पाल्पा,** चैत १५/ नयाँ सरकार गठन भएपछिको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज ( नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक ७१ दशमलव ०५ अंकले घटेको हो ।

नेप्से २ दशमलव ४० प्रतिशतले घटेपछि २ हजार ८ सय ७९ दशमलव ११ विन्दुमा ओर्लिएको छ । कारोबारमा आएकामध्ये १० कम्पनीको सेयर मूल्य बढ्यो, २५५ कम्पनीको घट्यो भने १ कम्पनीको मूल्य स्थिर रह्यो । कारोबारमा आएका सबै उपसमूहहरू घट्यो । सबैभन्दा बढी जीवन बिमा ३०० दशमलव ५०, निर्जीवन बिमा २६४ दशमलव ६५, विकास बैंक १८४ दशमलव १० अंकले घट्यो ।

कुल १ लाख ९६ हजार १५८ पटकको सेयर खरिदबिक्रीमा ३ करोड ५२ लाख ४८ हजार ३९७ कित्ता सेयर किनबेच भए । ती किनबेचमा १५ अर्ब ३ करोड ३३ लाख रूपैयाँको कारोबार भएको छ । रिलायन्स स्पिनिङ मिल्स, सुपर खुदी हाइड्रोपावर र रिड्ज लाइन इनर्जीको सेयर मूल्य १० प्रतिशतले बढेपछि सर्किट ब्रेक लाग्यो ।युनिक नेपाल लघुवित्तको ६ दशमलव १७, हिमालयन बैंक लिमिटेढ बन्ड २०८६ को ५ दशमलव ६२ प्रतिशतले मूल्य घट्यो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई